# २१. श्री लोकेन्द्रबहादुर चन्द

*[संवत् २०५५ साल आश्विन ३१ गतेका दिन आयोजित समारोहमा 'विसर्जन" (कथासङ्ग्रह) भन्ने ग्रन्थको लागि प्रदान गरिएको संवत् २०५४ सालको 'मदन पुरस्कार' त्यसका रचयिता श्रीलोकेन्द्रबहादुर चन्दले ग्रहण गरेपछि व्यक्त गुर्नभएको उद्गार। यो उद्गार 'नेपाली' त्रैमासिक अङ्क १५६ बाट उद्धृत गरिएको हो।]*

मदन पुरस्कार गुठीका अध्यक्षज्यू, माननीयज्यूहरू, उपस्थित महिला तथा सज्जनवृन्द !

आफू अथवा आफूले गरेका कामहरूका लागि मान्यता खोज्ने मानव स्वभाव हो। मैले साहित्यमा जे जति केमरेट गरें, त्यसले मान्यता प्राप्त गर्दा मलाई सन्तोष लागेको छ। मदन पुरस्कार जस्तो सम्मानीत पुरस्कार प्राप्त गर्दा पनि मलाई खुसी लागेन, अथवा म निरपेक्ष नै रहें भन्नु असत्य हुनेछ। हो, मेरो लागि यो अप्रत्याशित नै थियो।

पुरस्कार पाउनका लागि सम्बन्धित ठाउँहरूमा आफ्ना कृति पठाउनुपर्छ र अनि मात्र विचार हुन्छ भन्ने मलाई भ्रम थियो। मैले पुस्तक कतै पनि नपठाएकोले पुरस्कारबारे सोचाइसम्म पनि राखेको थिइनं। यस सन्दर्भमा अप्रत्यासित पुरस्कार प्राप्तिले मलाई झन् रमाइलो लागेको छ। मदन पुरस्कार गुठीप्रति आभार प्रकट गर्न चाहन्छु।

यस क्षणमा तमाम विपरीत परिस्थितिमा पनि नेपाली साहित्यको विकासमा योगदान पुऱ्याउने पूर्व पुस्ताका साहित्यकारहरूप्रति आभार प्रकट गर्न चाहन्छु र आज पनि दुःख र अभावका विरुद्ध सङ्घर्ष गर्दै नेपाली साहित्यका लागि जीवन नै समर्पित गरिरहेका मूर्द्धन्य साहित्यकारहरूको आजको पुस्तालाई पनि म धन्यवाद दिन चाहन्छु। देशको आर्थिक स्थिति, हाम्रो शिक्षाको प्रतिशत, त्यसभित्र पनि साहित्यिक चाख भएका व्यक्तिहरूको प्रतिशत र प्रोत्साहनको कमीले गर्दा साहित्यमा जीवन समर्पित गर्नेहरूको अगिल्तिर समस्याहरू विकराल नै छन्। यस्तो परिस्थितिमा पनि नेपाली साहित्यको भण्डारलाई समृद्ध बनाउन कसिएका कर्मयोगीहरूलाई सम्पूर्ण समाजले धन्यबाद दिनुपर्छ भन्ने मेरो धारणा छ।

म हम्मेसी आफूलाई यस पुरस्कारको काविल छु भन्ने दावी गर्ने आँट गरिरहेको छैन। एकातिर समर्पित साहित्यकारहरूको पङ्क्ति छ र उहाँहरूको बीचमा म जस्तो 'राजनीतिमा अप्ठ्यारो पर्दा साहित्यको ओत लाग्ने, साहित्यमा उपलब्धि नहुँदा राजनीतिमा छु भनी आत्मसन्तोष लिने' व्यक्तिले ठूलो पुरस्कारको दावी गर्न मिल्दैन भन्ने मलाई थाहा छ। तर कहिलेकाहीं फुटबल टिमको एकदम नयाँ खेलाडीले गोल हान्छ र ह्याट्रिक पनि गरिदिइहाल्छ। मेरो यस सफलतालाई साहित्यिक क्षेत्रमा यही दृष्टिकोणले लिइयोस् भन्ने मेरो अनुरोध छ।

मैले आफूप्रति एउटा धारणा बोकेको छु, त्यो के भने मेरो झुकाव साहित्यप्रति बढी छ र राजनीतिलगायतका अन्य क्षेत्रमा मलाई नियतिले घचेट्दै पुऱ्याएको मात्र हो। साहित्यप्रति झुकाव मात्र होइन, भावुकता, आलस्य, सांसारिक तथा पारिवारिक जिम्मेवारिप्रति असफलता साहित्यकारहरूमा हुनुपर्ने दोष ममा छन्।

जीवनको सङ्घर्षले गर्दा म असंवेदनशील हुँदै छु कि भन्ने विचार उठ्दा मलाई पीडा हुन्छ र मैले अर्काको पीडाले रसाएका आँखाहरू र मनमा उठेका करुणाका लहरले दिने आनन्ददायक पीडाका स्वाद यदाकदा चाखेको छु र त्यसबाट विमुख हुँदा मन ढुङ्गो हुन थाल्यो कि भन्ने ठानी पीडा हुनेगर्दछ। यसबाहेक साहित्यकारको रूपमा मेरो कुनै दावी छैन।

म आफ्ना रचनाहरूबारे केही भन्न चाहन्नँ। कहिलेकाहीं सारै मीठा लाग्छन् भने कहिलेकाहीं व्यर्थ जस्तै पनि लाग्छन्। सायद धेरैजसो साहित्यकारहरूलाई पनि यस्तै लाग्छ कि? म यतिकै मात्र भन्न चाहन्छु कि मेरा कथाका चरित्रहरू हाडमासुले निर्मित धरातलकै चरित्र हुन्। ती चरित्रहरूले मलाई आकर्षित मात्र गरेनन्, तिनीहरूसँगै हाँस्ने र रुने मन पनि हुन थाल्यो। बहादुर, जैसी बाजे, रूपक र शिव जस्ता पात्रहरूलाई माया गर्न थालेर म ताजमहल बनाउन सक्तिनथें। यसैले केही पाना रंगाएँ र कथाहरू बने, बस् यत्तिकै।

☒ ☒ ☒